# पशुपँछि कृषक पाठशाला संचालन कार्यविधि २०७६

(फाल्गुनन्द गाउँपाालिकाको मिति २०७६।११।१० गतेको छैटौ गाउँसभा बाट पारित)

फाल्गुनन्द गाउँपालिका
गाउँकार्यपालिकाको कार्यलय
फाक्तेप, पाँचथर

## प्रस्तावनाः

फाल्गुनन्द गाउँपालिका पशुपन्छी पालन तर्फ उन्नत प्रविधिमा  तथा खाद्य सुरक्षाको दृष्टीकोणवाट जोखीममा रहेको मध्य पहाडी जिल्लाहरुमा पर्ने गाउँपालिकाहरु मध्ये यो पनि एक गाउँपालिका को रुपमा रहेको छ । पशु जन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी खाध्यान्न तथा पौष्टिक खाद्य पदार्थको उपलब्धता र पहुँच बढाउनुका साथै खानपानको वानीमा परिवर्तन ल्याई लक्षित वर्गको समग्र खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउने दृष्टिकोण कृषक पाठशालाको रहेको छ ।

कृषक पाठशाला कार्यक्रम सँचालनहुने क्षेत्रका वडाहरुमा पशुपँक्षिको उत्पादन र उत्पादकत्व बृद्धिको लागि कृषकहरुलाई आवस्यक पर्ने ज्ञान र सीप अभिबृदि गर्न पशुपँछि पालन कृषक पाठशाला सँचालन गरिने छ । पाठशाला कार्यक्रम सँचालन अवधिभर गठन गरिने ७ वडाका पशुपँछि कृषक समुहहरु मध्ये करिव एक तिहाई समुहहरुमा वाखा, कुखुरा, र गाई भैसी पालन कृषक समुहहरुमा पशुपँछि कृषक पाठशाला संचालन गरिने छ ।

कृषक पाठशाला पद्धतिको सिद्धान्त अनुरुप वातावरणीय सन्तुलन कायम राखी पशुपँछि उत्पादनका बहुआयामिक पक्षहरु जस्तैः पशुपँछिका जात, खोर व्यवस्थापन, आहारा तथा स्वास्थ्य व्यवस्थापनका वारेमा उन्नत/सुधारिएको प्रविधि वारे निर्णय लिन सक्ने क्षमता कृषकहरुमा विकास गर्ने उद्धेश्यले पशुपँछि कृषक पाठशाला कार्यक्रम सँचालन गरिने छ । पशुपँछि कृषक पाठशालाहरुमा पँछि तथा वाखा उत्पादन सँग संलग्न विभिन्न कृयाकलावहरुलाई समावेश गरिएको छ । उक्त पाठशालामा स्थलगत अन्तरक्रिया, प्रदर्शनी, तालिम कृषक पाठशाला दिवस जस्ता कार्यहरु समावेश गरी सम्पन्न गनुपर्ने हुन्छ । कृषक पाठशाला संचालनका लागि पशुपँछि विशेषमा केन्द्रित रहि पाठ्यक्रम तर्जुमा गरिएको छ । फाल्गनन्द गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन २०७४ को दफा ४ बमोजिम फाल्गुनन्द गाउँपालिकाको छैटौं गाउँसभाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

**१. सँक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधि को नाम पशुपँछि कृषक पाठशाला सँचालन कार्यविधि २०७६ रहेको छ ।

(२) यो कार्यविधि फाल्गुनन्द गाउँकार्यपालिकाको स्थानीय सरकारवाट स्वीकृत भएको मिति देखी लागुहुने छ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(१) “श्रोत व्यक्ति” भन्नाले पशुपन्छी सम्वन्धिको एक वाली अवधिको पशुपँछिकृषक पाठशाला प्रशिक्षक प्राविधिक लाई बुझ्नु पर्दछ ।

(२) “कृषक सहजकर्ता ” भन्नाले पशुपँछि सम्वन्धिको एक वाली अवधिको पशुपँछि कृषक पाठशाला प्रशिक्षक तालिम प्राप्त कृषकलाई बुझ्नु पर्दछ ।

(३) “पशुपँछि कृषक पाठशाला” भन्नाले २० देखी २५ जना महिला पुरुषहरुको समुह हो जसलाई कक्षा भित्र पठन पाठन गराउनुको साटो गोठ/खोरमा व्यवहारिक प्रयोगात्मक र खोजपूर्ण तरिकाहरु अपनाई वालिअवधिभर नियमित रुपले वाली वातावारण प्रणलीको अवलोकन, विश्लेषण र समुह छलफलको आधारमा आफू आफैले ठोस निर्णय लिएर तत्काल आएका समस्याहरुको समाधान गर्न सक्ने गरी दक्ष वनाउने स्थान वुझ्नुपर्दछ ।

**३. कार्यक्रम सँचालनको उद्धेश्य**

**पशुपँछि कृषक पाठशाला कार्यक्रमको उद्धेश्य देहायवमोजिमको हुनेछ :**

अनुसन्धान वाट सिफारिस भएका उन्नत/सुधारिएका प्रविधिहरुलाई प्रसारको लागि स्थलगत रुपमा सहभागितात्मक विधिवाट पशुसेवाका प्राविधिकहरुले कृषकहरुमा र अन्ततोगत्वा कृषकवाट कृषकहरुमा नै जानकारी तथा चेतना जगाइ प्रविधि हस्तान्तरणमा कृषक स्वयमलाई आ-आफ्नो गोठ/खोर तथा त्यस वरपरको कृषि पर्यावरणय विश्लेषण (Agro-EcosystemAnalysis) गराई पशुजन्य उत्पादन र उत्पादकत्वमा बृद्धि ल्याई खाद्य तथा पोषण सुरक्षामा सहयोग पुर्याउनु र कृषक स्वयमलाई उत्पादन प्रविधिमा दक्ष वनाउन यस कार्यक्रमको मुल उद्धेश्य रहेको छ ।

(१)प्रमाणित उन्नत प्रविधिहरु स्थलगत रुपमा सहभागितात्मक प्रसार कार्यक्रमको माध्यमवाट पशु प्राविधिकहरुले किसानहरुमा प्रवाह गर्ने

(२) प्राविधिकवाट कृषकहरुमा नै जानकारी तथा चेतना जगाई प्रविधि हस्तान्तरणमा कृषक स्वयमलाई सहभागि गराई कृषकहरुको क्षमता विकास मार्फत पशुपँछि जन्य उत्पादनमा वृद्धि ल्याउने

## परिच्छेद २

## कार्यक्रम सँचालन प्रकृया

**४.कार्यक्रम सँचालन प्रकृया**

**यस कार्यक्रम देहाय अनुसार सँचालन गरिने छ ।**

**(लक्षित वर्ग)**: कृषक पाठशाला सँचालन हुने वडामा गठन गरिएका वाखा/कुखुरा प्रवर्धन समुहका सदस्यहरु (५० प्रतिशत महिला) यस कार्यक्रमका लक्षित समुदायहरु पर्दछन् ।

(१) पशुपँछि कृषक पाठशाला कार्यक्रमको सँचालन गाउँपालिकाको कार्यलय पशुपँछि शेवा शाखाले कृषक पाठशाला श्रोत व्यक्ति तथा कृषक सहजकर्ता मार्फत गर्नेछ ।

(२) पशुपँछि शेवा शाखावाट प्रविधि ग्रहणको स्तर औषधि/विषदि प्रयोग स्थिति कृषकहरुको साँगठनिक अवस्था सामाजिक पूँजि (कृषि सहकारी तथा समूह) को अवस्था र चेतना स्तर

आदिलाई मध्यनजर गर्दै कार्यक्रम सँयोजकले कृषक पाठशाला सँचालन गर्ने स्थान कृषक समुह/कृषि सहकारीहरु वाट छनौट गर्नेछ। समुह/सहकारी छनौट गर्दा महिला, जनजाति, दलित, विपन्न, पिछडिएको क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ। विगतका वर्षहरुमा कृषक पाठशाला सँचालन नभएका कृषक समुह तथा सहकारीलाई प्राथमिकता दिनु पर्नेछ।

(३) यस कार्यक्रमको सँयोजक सम्वन्धित पशुपँछि शेवा शाखाको प्रमुख वा निजले तोकेको अन्य कर्मचारी हुनेछ।

(४) पशुपन्छी कृषक पाठशाला एकिकृत शत्रुजीव व्यवस्थापन वाली उत्पादन सम्वन्धि नवीन प्रविधिहरु समावेश विविध विषयहरु केन्द्रित भई सँचालन गर्नुपर्ने छ। वालिअनुसार तत्कालिन पशुउत्पादन निर्देशनालय र कृषि तथा खाद्य सुरक्षा आयोजनावाट तयार गरिएका पाठ्यक्रम अनुसार सँचालन गर्नुपर्ने छ।

**५. समुह छनौट पश्चात कार्यक्रम सञ्चालन प्रकृया**

**५.१: पशुपँछि कृषक पाठशाला सँचालन गर्ने स्थान छनौटका आधारहरु**

(५.१.१)गाउँपालिकाले तोकेका वडाभत्र कुखुरा/वाखा पालनका लागि भौगोलिक उपयुक्तता युक्त स्थान (दानापानी, घाँस, पहारिलो) स्थान

(५.१.२) कुखुरा/वाखा पालन गरिरहेका जागरुक र ईच्छुक कृषकहरु भएको ठाउँ (कृषक समूह भएको स्थान लाई पहिलो प्राथमिकता दिईने छ)

(५.१.३) पाठशाला सँचालन गर्न स्थानीय श्रोत साधन प्राप्त हुने ठाउँ (जस्तै खोर निर्माणका लागि काठ, सिकर्मी उपलव्ध हुने ठाउँ)

(५.१.४) यातायात र सञ्चारको दृष्टिले पायक पर्ने ठाउँ।

(५.१.५) समुह सदस्यहरुको घर सकभर नजिक रहेको (तुलनात्मक रुपले घना वस्तीभएको ता कि सहभागिहरुलाई पाठशाला संचालन भएको स्थानमा सम्म आउँदा लामो दुरी हिड्न नपरोस।)

**५.२: कृषक पाठशालामा सहभागि हुने कृषक छनौटका आधारहरुः**

(५.२.१) कुखुरापालन कृषक पाठशाला सँचालनको हकमा परम्परागत पद्धतिमा कुखुरा पालन गरिरहेका समुहका सदस्यहरु।

(५.२.२) न्युन आय भएका एकै गाउँघरमा वस्ने कृषक

(५.२.३) कृषक पाठशालामा नियमित समय दिन सक्ने कृषक

(५.२.४) सीप सिक्ने चाहना भएका पाठशालामा सहभागि हुन ईच्छुक कृषक

(५.२.५) केटाकेटी र विद्यालय जाने विधार्थी तथा असक्तलाई पाठशालामा सहभागि गराईने छैन

## ५.३: कार्यक्रम सञ्चालन प्रकृया

(१) पशुपँछि कृषक पाठशाला सञ्चालन गर्नु अगाडी कृषक पाठशाला सहजकर्ता (Field School Facilitator)जनप्रतिनिधि, स्थानीय तहमा कार्यरत पशु प्राविधिक समेत स्थलमा गई पाठशाला सँचालन गर्ने क्षेत्रमा रहेका कृषक महिला वा मिश्रीत समुहको समेत सहभागिता हुनेगरी २० देखी २५ जनाको कृषक समुह छनौट गर्न २ पटक अन्तरक्रिया गोष्टी गर्ने ।

(२) तुलनात्मक अध्ययन तथा परिक्षणहरु सँचालन गर्न आवस्यक जग्गा(गोठ/खोर) पशुपँछिको लागि न्युनतम ५०० वर्ग मि. हुनेगरी डेमोस्ट्रेसन प्लट छनौट गर्ने र कृषकहरु जम्मा भई छलफल गर्ने स्थानको निर्धारण गर्ने

(३) कुनै वालिको वालिअवधिभर कृषक समुहले निर्धारण गरेको हप्ताको एक दिन विहान ७ वजे देखी १२ वजे सम्म अध्ययन र तालिम सँचालन गर्ने ।

(४) कृषकहरुको आवश्यकता अनुसार पशुपन्छी सँगै सम्वन्धित विषयवस्तुमा कम्तिमा ३ वटा विशेष कक्षा सँचालन गर्नुपर्ने छ ।

(५) हरेका वालीमा वालि नभि□याउँदै अन्य कृषकहरुलाई यस प्रविधिको विस्तार गर्ने उद्धेश्य राखी आमन्त्रित पाहुना र अन्य कृषकहरुलाई अध्ययन स्थल भ्रमण स्टल निरीक्षण साँस्कृतिक कार्यक्रम नजर गराई कृषक दिवस मनाउने । उक्त कृषक दिवसमा कृषक पाठशालामा सहभागि कृषकहरुलाई प्रमाणपत्र वितरण सहितको एक समापन समारोह सँचालन गर्ने ।.

## ६. आर्थिक पक्ष

कृषक पाठशाला संचालन आर्थिक मापदण्ड

| क.सं. | क्रियाकलाव | इकाई | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| (क) | **तयारी वैठकहरु** (स्थलगत कृषक अन्तर्क्रिया गोष्टी २ पटक) गोष्टिमा छलफलहुने विषयहरुः कृषक पाठशालाको उद्धेश्य, महत्व, वालीपात्रो, आधारभुत तथ्याङक सँकलन,समूहको महत्व, लैङगिक विश्लेषण, समस्या पहिचान, कार्यक्रम कार्ययोजना तयारी) | | | | |
| १ | पहिलो तयारी वैठक (आम भेला) को सहभागि चिया खाजा | जना | ४० | १५० | ६००० |
| २ | दाश्रो तयारी वैठक (अन्तरक्रिया गोष्टि) को सहभागि चिया खाजा | जना | ३० | १५० | ४५०० |
| ३ | दुइपटकको तयारी वैठकको लागि सहभागी स्टेसनरी | जना | ७० | १०० | ७००० |
| ४ | तेश्रो तयारी वैठकका सहभागि चिया खाजा खर्च | जना | २५ | १५० | ३७५० |
| ५ | तेश्रो तयारी वैठकका सहभागिको लागि स्टेसनरी | जना | २५ | १०० | २५०० |
| ६ | अन्य स्टेसनरी (रजिष्टर, स्केल, मार्कर पेन, सिसाकलम, | पटक | ३ | २५०० | ७५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ब्राउनपेपर, साईन पेन, मस्किन टेप, ग्लुस्टिक, डटपेन, फायल, इरेजर, थमपिन, आदि) | | | | |
| ७ | तयारी वैठकका २ जना सहजकर्ता/श्रोत व्यक्ति को ३ दिनको सहजीकरण तथा प्रतिवेदन भत्ता (प्रति कक्षा १५००) | व्यक्ति दिन | ३ | ६००० | १८००० |
| | ६ | | | | ४९२५० |
| (ख) | **स्थलगत कृषक पाठशाला सँचालन गर्न** | | | | |
| ७ | २५ जना कृषक तथा २ जना सहजकर्ताको लागि पाठशाला भरी चिया नास्ता | ८ हप्ता | २१६ | १५० | ३२४०० |
| ८ | पाठशाला सँचालन गर्न आवस्यक कुखुराका चल्ला, चारो, दानापानी खाने भाँडा, तार वल्व चुना, भ्याक्सीन, औषधि, फर्मालिन, विद्युत महशुल, ढुवानी,आदि | पाठशाला भरी | १ | ८०००० | ८०००० |
| ९ | प्रशिक्षकको लागि प्रशिक्षण स्टेसनरी | ,, | १ | ५००० | ५००० |
| १० | सहजकर्ता (पाठशाला सँयोजक, विज्ञ प्रशिक्षक, को लागि पारिश्रमिक) प्रति कक्षा १५०० को दरले ४ वटा कक्षा/दिन | ८ हप्ता | ८ | ६००० | ४८००० |
| ११ | कृषक दिवसको लागि | | | | |
| ११.१ | आमन्त्रित अतिथि तथा जनप्रतिनिधि, र अन्य सहभागिको लागि चियापान | पटक | ७५ | १५० | ११२५० |
| ११.२ | कृषक दिवस तथा कार्यक्रम समापन व्यवस्थापन को लागि | पटक | १ | ५००० | ५००० |
| ११.३ | पाठशाला प्रतिवेदन तयारी तथा फोटोकपी वाइन्डिङ | पटक | १ | २५०० | २५०० |
| ११.४ | प्रयोगात्मक कुखुरापालन टहरो निर्माण | पटक | १ | ६१६०० | ६१६०० |
| ११.५ | मसलन्द खर्च | पटक | १ | ५००० | ५००० |
| | (ख) स्थलगत पाठशाला सँचालन को जम्मा खर्च : | | | | २५०७५० |
| | **जम्मा कार्यक्रमको खर्च** (क +ख) | | | | ३००००० |

## परिच्छेद ३

## सम्झौता तथा भुक्तानी प्रकृया

**७. लागत अनुमान तथा सम्झौता :**

(१) कार्यक्रम सँचालन स्थल समुह तथा सहकारी छनौट पश्चात कार्यक्रम सँयोजकले कृषक पाठशालाको लागत अनुमान तयार गरी स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्ने छ ।

(२)कार्यक्रम सँचालनको लागि सम्वन्धित सहजकर्ता तथा श्रोत व्यक्तिलाई प्रथम किस्तामा अधिकतम ४० प्रतिशत रकम पेश्की स्वरुप कार्यक्रम सँचालन पूर्व उपलव्ध गराइने छ र कार्य सम्पन्न प्रतिवेदनको आधारमा बाँकी रकम भुक्तानी गरिने छ ।

## परिच्छेद ४

## अनुगमन मुल्याङकन तथा विविध

**८. अनुगमन मुल्याङकन** : गाउँपालिकको केन्द्रवाट आवस्यकता अनुसार अनुगमन मुल्याङकन गरिने छ

९. **प्रतिवेदनः** कार्यक्रम कार्यान्वयन गर्ने व्यक्तिले रकम भुक्तानी माग गर्दा योजना वामोजिमका क्रियाकलावहरु उल्लेख गरी सम्वन्धित गाउँपालिकामा प्रतिवेदन पेश गर्नु पर्दछ । अन्तिम किस्ता भुक्तानीको लागि कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । पशुपँछि शेवा शाखाले आफ्नो कार्यक्षेत्रमा संञ्चालन गरेका कृषक पाठशालाको विवरण तयार गरी गाउँपालिका/ विज्ञ केन्द्रमा मासिक रुपमा पठाउनु पर्नेछ ।

१०. **कारवाहीको व्यवस्थाः** स्वीकृत योजना अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरिएको पाईएमा प्रचलित ऐन तथा कानुन वमोजिम कारवाही हुनेछ ।

११. **आर्थिक प्रशासन सेवाः** कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परीक्षण स्थानीय सरकार सँचालन को आर्थिक कार्यविधि ऐन २०७४ स्थानीय सरकार सँचालन आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजानिक खर्चको मापदण्ड कार्यविधि, मितव्ययित सम्वन्धि निर्देशिका २०७५, सार्वजानिक खरिद ऐन २०६३, तथा सार्वजानिक खरिद नियमावली २०६४ र प्रदेश तथा सँघीय सरकारका प्रचलित कानुन वमोजिम हुनेछ ।

१२. **जिम्मेवार निकायः**

- **मुख्य जिम्मेवारीः-** फाल्गुनन्द गाउँपालिका, पशुपँछि सेवा शाखा तथा सहजकर्ता
- **सहयोगीः** तालिम प्राप्त कृषक सहजकर्ता

१३. **निर्देशिका तथा नर्मशः**

यस पशुपँछि कृषक पाठशाला सँचालन कार्यविधि तथा नर्मश २०७६ नेपाल सरकार कृषि विकास मन्त्रालय कृषि तथा खाद्य सुरक्षा आयोजना पशुपँछि कृषक पाठशाला संञ्चालन कार्यविधि २०७२ तथा प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ विराटनगर, नेपालको कृषक पाठशाला संचालन कार्यविधि २०७५ लाई श्रोत आधार वनाई तयार गरेको छ ।

१४. **प्रचलित कानुन लागुहुनेः** कार्यक्रमको कार्यन्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै वमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

१५. **बाधा अड्काउ फुकाउने (खारेजी एवं सँसोधन)**

(१) कार्यविधि कार्यान्वयनको सन्दर्भमा फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाले आवस्यक निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वनमा वाधा अड्चन आई परेमा वा विवाद उत्पन्न भएमा गाउँकार्यपालिकाको निर्णयनै अन्तिम निर्णय हुनेछ ।

(३) कार्यविधिलाई आवस्यकता अनुसार फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाको स्थानीय सरकारले खारेजी वा सँसोधन गर्न सक्ने छ ।